संघीय संसद, प्रतिनिधि सभा, महाभियोग सिफारिस समिति समक्ष महाभियोग आरोपका सम्बन्धमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर ज.ब.रा.ले गरेको बयान।

१. तपाईंको शारीरिक र मानसिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नहरुको जवाफ दिन सक्नु हुन्छ, हुँदैन ? नियमित औषधि सेवन गर्नुपर्ने कुनै रोग छ, छैन ?

२. तपाईंको बाजे, बुबा, आमा र आफ्नो नाम, थर, वतन, उमेर, पेसा, शैक्षिक योग्यता, धर्म, आय-आर्जन, जग्गा-जमिन, पारिवारिक संख्या र अवस्था, नागरिकताको प्रमाणपत्र नम्बर, इमेल, प्रयोगमा रहेको मोबाइल नम्बर र आफ्नो हुलियासमेत खुलाई दिनुहोस्।

३. तपाईंको विरुद्धमा परेको महाभियोगको आरोपमा लोकतन्त्र, मानवअधिकार, जनताको न्याय, विधिको शासन, संवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निष्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न वर्तमान प्रधान न्यायाधीश असक्षम रहेका छन्, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

४. सर्वोच्च अदालत लगायत न्यायपालिका भित्र नै निजको कार्यकालमा अतिशय विकृति, विसंगती, भ्रष्टाचार तथा बिचौलियाहरुले प्रवेश पाएको र प्रभाव बढाउँदै लगेको अवस्था विद्यमान छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

५. नेपालको संविधानले स्वतन्त्र, सक्षम, निष्पक्ष र जवाफदेही न्यायपालिकाको परिकल्पना गरी तदनुरुपको संवैधानिक प्रबन्ध गरेको छ। संविधानले परिकल्पना गरेको मूल्य र आदर्श सहितको न्यायपालिकाको लागि न्यायाधीशहरुलाई सोही अनुरुपको सेवा सुविधा र सेवाका शर्तहरु संविधान र कानुनद्वारा नै तोकिएका छन्। शक्ति पृथकीकरण र शक्ति सन्तुलन सिद्धान्तका सम्पूर्ण अवयवहरुलाई आत्मसात गरी नेपालको संविधानले न्यायपालिका तथा त्यसमा कार्यरत न्यायाधीशहरुलाई स्वतन्त्र र निर्भिकताको साथ इमान्दारीतापूर्ण ढंगले पदीय कर्तव्य निर्वाह गर्ने संवैधानिक दायित्व सुम्पिई त्यो शर्तमा नेपाली जनताले बुझाएको करबाट स्थापित सर्व-संचित कोषबाट निजहरुले पारिश्रमिक, सेवा र सुविधा प्राप्त गर्ने व्यवस्था गरेको छ। संविधानको पवित्र उद्देश्य र संवैधानिक

दर्शनलाई सम्पूर्ण रुपमा भताभुंग र नष्ट गर्नेगरी स्वयं पदासीन तपाई प्रधान न्यायाधीशबाट उक्त संवैधानिक जिम्मेवारीलाई आफ्नो निजी सम्पत्ति सरह स्वेच्छाचारी ढंगले देखादेखी दुरुपयोग गरेकोले नेपालको सिंगो न्याय क्षेत्र र कानुनको रक्षा एवं स्वतन्त्र र सक्षम न्यायपालिकाको श्रीवृद्धि गर्नु पर्ने अहंम दायित्व बोकेका प्रधान न्यायाधीशले सो अनुरुपको कर्तव्य पालना गर्न असक्षम तथा पूर्णतः विफल हुन पुगेका छन्, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

६. न्यायपालिका संविधानको अन्तिम व्याख्याता हो भने यसको नेतृत्व गर्ने प्रधान न्यायाधीश न्यायप्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्राप्त पदाधिकारी हुन। प्रधान न्यायाधीशले नियुक्ति हुनासाथ संविधान र कानुनको संरक्षण, सम्बर्धन र रक्षाका लागि सपथ लिएको मानिन्छ। तर, दुर्भाग्य नै भन्नुपर्छ नेपालको न्यायिक नेतृत्वमा पदासीन प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर ज.ब.रा.का कार्यहरु एकपछि अर्को विवादास्पद, आपत्तिजनक पदीय मर्यादा र आचरण विपरित एवं संविधान र कानुन विपरित हुँदै गएका छन्। लोकतन्त्रमा न्यायपालिकालाई संविधानको अन्तिम व्याख्याता र राज्यका अन्य अंगहरुमाथि शक्ति सन्तुलन (Check and Balance) कायम राख्ने महत्वपूर्ण निकायका रुपमा लिइन्छ । सक्षम एवं सशक्त न्यायालयको अभावमा सिंगो संविधान र त्यसले परिकल्पना गरेका कुनै पनि व्यवस्थाहरु यथार्थतामा कार्यात्मक (Functional) र जीवन्त हुन सम्भव छैन । यसका लागि न्यायालय सम्पूर्ण रुपमा स्वतन्त्र, सक्षम, निष्पक्ष, स्वच्छ, भ्रष्टाचारमुक्त र जिम्मेवार हुन जरुरी हुन्छ । "न्याय र शीलता" न्यायालयको पहिलो गुण (Virtue) हो। त्यसैले न्यायालयलाई न्यायको अन्तिम उपाय (Last Resort) भनिएको हो। जसको प्राप्ति केवल स्वच्छ, सक्षम र स्वतन्त्र न्यायालयबाट मात्र सम्भव छ। संविधानमा अन्तरनिहित प्रस्तुत दर्शनको यथार्थ कार्यान्वयनका लागि न्यायिक नेतृत्व गर्ने प्रधान न्यायाधीशको सक्षमता, इमान्दारिता, संवैधानिक नैतिकता र आचरण सबैभन्दा अहम् हुन जान्छ । कुनै पनि बहालवाला प्रधान न्यायाधीशसँग एउटा सफल संविधान र स्वन्त्र

न्यायपालिकाले अपेक्षा गर्ने र गरेका कुनैपनि गुण र विशेषताहरु प्रधान न्यायाधीश राणासँग अब बाँकी नरहेकोले निजलाई पदमा कायम राखीरहन न्यायिक मूल्य र मर्यादाले उपयुक्ति देखिदैन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

७. प्रधान न्यायाधीशको उच्च पदीय जिम्मेवारीका अतिरिक्त नेपालको संविधानको धारा १३६ द्वारा पदासीन प्रधान न्यायाधीशलाई अति उच्च विश्वासकासाथ प्रदान गरेको संवैधानिक दायित्व पूरा गर्न सम्माननीय प्रधान न्यायाधीश राणा असक्षम रहेको, न्यायालयको साख, इज्जत, प्रतिष्ठा, प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्वबाट निज पूर्ण रुपमा बिमुख र विफल भएको तथा प्रधान न्यायाधीश राणामा पदीय जिम्मेवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमता समेत नदेखिएको कारणले निजलाई महाभियोग लगाउनु पर्ने पर्याप्त आधार, कारण एवं अवस्था विद्यमान देखिएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

८. संवैधानिकता परीक्षण गर्न दायर भएका रिट निवेदनहरुको समयमै निज प्रधान न्यायाधीश राणाले निरुपणको व्यवस्था गर्न पर्नेमा पदीय जिम्मेवारी विपरितका कार्य गरी न्यायमा बिचलन ल्याएका छन्। वस्तुतः न्यायिक अधिकार न्याय छिटो छरीतो निरुपणका लागि हो न कि न्यायिक पदाधिकारीको आफ्नो वा अन्य कसैको निहित स्वार्थ परिपूर्तिको लागि दुरुपयोग गर्ने हो, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

९. संवैधानिक परिषद्‌को सदस्यको हैसियतमा प्रधान न्यायाधीश राणा आफू समेत संलग्न भई विभिन्न संवैधानिक अंगका पदाधिकारीहरुको नियुक्ति सम्बन्धमा परेका रिट निवेदनहरुको एक वर्ष सम्म पनि प्रारम्भिक सुनुवाईसम्म पनि नगरी न्यायमा गम्भीर अवरोध र विचलनको अवस्था सृजना गरेको सार्वजनिक भएको यथार्थ हो। प्रधान न्यायाधीश राणाबाट गरिएको विचलन, अवरोध छिप्न सक्दैन र जगजाहेर भइसकेको छ। प्रधान न्यायाधीशले आफूले अध्यक्षता गर्नु पर्ने संबैधानिक इजलासको काम कारबाहीलाई अबरुद्ध गरी संविधानको कार्यान्वयनमै

गम्भीर अवरोध सृजना गरेको प्रमाणित तथ्यले निजले पदीय कर्तव्य पालना नगरेको प्रमाणित भएको, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१०. सशस्त्र प्रहरीका तत्कालिन बरिष्ठ अधिकृत रञ्जन कृष्ण कोइराला संलग्नज्यान मुद्धामा मातहत अदालतबाट भएको फैसला उल्टी गरी गैर कानुनी ढंगले कैद घटाएको प्रश्नमा उक्त मुद्धा पुनः सर्वोच्च अदालतमा विचारधीन रहेकोमा त्यस्तो संगीन मुद्धाको शिघ्र सुनुवाई गरी गराई न्यायिक मूल्य पुनर्स्थापित गर्नु पर्नेमा आफैले पटक पटक पेशी स्थगित गरेको र त्यही संवेदनशील विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी सार्वजनिक रुपमै फेसलाको व्याख्या गर्दैं त्यसको प्रतिरक्षा गरेको देखिएको छ। प्रधान न्यायाधीशले सरकारी प्रवक्ता जस्तो भई इजलास बाहिर आफ्नो फैसलाबारे बोल्दै हिंड्नु र टिकाटिप्पणी गर्नु अदालतको गरिमा र पदीय मर्यादा अनुकुलको आचरण होईन, हुन सक्दैन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

११. भ्रष्टाचारको अभियोग लागेका मुद्धाको छिटो छरितो सुनुवाई गर्ने प्रयोजनका लागि विशिष्टकृत अदालतको रुपमा विशेष अदालतको गठन र शिघ्र न्याय सम्पादनको व्यवस्था विगत २ दशक अघिदेखि भएकोमा उक्त अदालतमा महिनौ देखि न्यायाधीशको पदपूर्ती गर्न अनिच्छुक रही निजले सो विशेष न्याय प्रक्रियामा समेत अवरोध सृजना गरेका छन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१२. प्रधान न्यायाधीश तथा न्यायाधीशहरुले आफूसँग सम्बन्धित वा आफ्नो स्वार्थ सन्निहित मुद्धाको सुनवाईमा आफु संलग्न नहुने भनि संवैधानिक इजलासबाटै निर्णय गरे पश्चातपनि प्रधान न्यायाशीध राणाले इजलासमा बसेर व्यक्त गरेको आफ्नो राय विपरीतको विषयवस्तु बनाई संवैधानिक इजलासको सुनुवाई रोकी पाँउ भनी परेको रिट निवेदनालाई अस्वाभाविक तरिकाले निजले पूर्व-अभ्यास विपरित एकल इजलास समक्ष पेशीमा चढाई संवैधानिक इजलासलाई अनिश्चित कालसम्म अबरुद्ध गर्ने प्रबन्ध मिलाउन प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा. ले मूख्य भूमिका निर्वाह

गरी संविधानको धारा १३७ ले प्रदान गरेको अधिकारको स्पष्टतः दुरुपयोग गरेको देखिएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१३. प्रधान न्यायाधीशको नियुक्तको क्रममा संसदीय समितिबाट सुनुवाई हुँदाका बखत निज प्रस्तावित प्र.न्या. राणाले सार्वभौम संसद समक्ष गरेका प्रतिवद्धता विपरित न्यायाधीशको पदपूर्ति र उचित समय भित्र मुद्दाको फर्स्योट गर्न असक्षम रही निरन्तर न्यायमा अवरोध सृजना गरी आफू संविधानतः प्रधान न्यायाधीशको नेतृत्वको जिम्मेवारी बहन गर्न पूर्ण असक्षम सिद्ध भैसकेको र संसदीय सुनुवाईका बखत व्यक्त निजको प्रतिबद्धता निजका काम कारबाहीबाट झूठो सावित हुन गएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१४. संवैधानिक परिषदको पदेन सदस्यको रुपमा कार्यपालिकासंग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगहरुमा आधार, कारण र मापदण्ड समेत निर्धारण नगरी आफ्ना परिवारका सदस्य तथा निकटका व्यक्तिहरुलाई प्रधान न्यायाधीश राणाले नियुक्तिको सिफारिश गरेको कुरा सार्वजनिक भइसकेकोले पनि त्यस्तो सम्मानीत पदमा आसीन व्यक्तिले प्रधान न्यायाधीशको पदको घोर अपमान एवं दुरुपयोग हुने गरेको पुष्टि भएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१५. न्यायपालिकाको विकृति, विसंगति र भ्रष्टाचारको सम्बन्धमा अध्ययन गर्न आफैंद्वारा गठित माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन प्राप्त भएपछि पनि सो प्रतिवेदन लागू गर्न अनिच्छुक तथा असक्षम देखिएको र सो प्रतिवेदन बुझ्ने क्रममा तत्काल कार्यान्वयनको प्रतिबद्धता प्रधान न्यायाधीश राणाले व्यक्त गरेपनि सोही प्रतिवेदनका बिरुद्धमा अभिव्यक्ति दिई पदिय मर्यादा विपरीत कार्य गरेको प्रष्ट छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१६. सर्वोच्च अदालतमा साप्ताहिक तथा दैनिक मुद्धाको पेशी र न्यायाधीश तोक्दा कुनै निश्चित आधार, मापदण्ड र मान्य प्रचलन एवं अभ्यासको पालना नगरी, मनोमानी र अपारदर्शी आधारमा इजलास गठन गर्ने र मुद्धा तोक्ने, न्यायाधीश तोक्दा खास खास किसिमका मुद्दाहरु आफ्नो इजलासमा वा नियन्त्रणमा पर्ने गरी इजलास तोकेर

न्यायपालिकालाई निरन्तर विवादमा ल्याएको र न्यायपालिका भित्र न्यायाधीशहरुका बिचमा पनि गुट-उपगुट सृजना गरी न्याय दिन बसेका न्यायाधीशबीच नै आशंका, अन्योल र उदासीनताको वातावरण सृजना गरी अदालतको न्यायिक कार्य सञ्चालनमा वाधा-अबरोध पुऱ्याएको, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१७. न्यायपरिषदको अध्यक्षको हैसियतले सबै तहका अदालतका न्यायाधीशहरुको नियुक्ति गर्दा निष्पक्ष एवं पारदर्शी रुपमा गर्नु पर्नेमा मनोमानी ढंगले नियुक्ति गरेको, नियुक्त भएका कतिपय व्यक्तिहरुको योग्यता, क्षमता र अनुभव नभएकोले त्यस्तो गैर कानुनी नियुक्तिको कानुनी र नैतिक दायित्व निज प्रधान न्यायाधीशबाट पालना नभएको, निजको सक्रियतामा नियुक्त न्यायाधीशहरु स्वीकार्यतामा नै प्रश्न चिन्ह खडा भएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१८. आफ्नै परिवारका सदस्य र नातागोताका व्यक्तिहरु एवं आफूले नियुक्त गरेका कतिपय न्यायाधीश र पदाधिकारीहरुलाई विचौलियाको रुपमा संलग्न गराई भ्रष्टाचार र अनियमितता गरी अबैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्न रहेको, निजले आफ्ना परिवारका नाममा जोडेका सम्पत्तिको विवरण सार्वजनिक भएपछिको जानकारीबाट पनि प्रधान न्यायाधीश राणाको आचरण, पदीय मर्यादासँग अमिल्दो र विल्कुल अस्वाभाविक देखिन आएको छ। त्यतिमात्र होईन, यसबाट प्रधान न्यायाधीशको सम्मानित पद मुलुकको संविधान र कानुनको रक्षा गर्न वा भोका निमुखा अन्यायमा परेका जनताको रक्षाका लागि होईन आफू र आफ्ना परिवार एवं सिमित घेराका निहित स्वार्थी विचौलियाहरुको हकहितको सम्बर्द्धन र संरक्षण गर्नका लागि निजबाट पदको दुरुपयोग भइरहेको भन्ने जनमानसमा पर्न गई न्यायापालिकाको छविमा गम्भीर असर र अनास्था उत्पन्न हुनगएको छ। साथै प्रधानन्यायाधीश स्वयं भ्रष्टाचार र अनियमितता गरी अबैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्नरहेको विषयमा सम्पत्ति सुद्धिकरण लगायतका नियमनकारी निकायमा छानविनको माग भै उजुरी समेत परेकोले यस सम्बन्धमा समेत छानविन

गर्न महाभियोगको कारवाही चल्न आवश्यक रहेको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

१९. मिति २०७८।०७।०८ पश्चात निज प्रधान न्यायाधीश राणामाथिको आशंका र अविश्वास तथा निज स्वयंको गैरन्यायिक आचरणका कारणले इजलासमा निज बस्न नसकेको, संविधानले परिकल्पना गरेको सक्रिय प्रधान न्यायाधीशको अवधारणा निश्कृय हुन गएको छ। प्रधान न्यायाधीश राणाले आफ्नै कार्य तथा आचरणबाट निज प्रधान न्यायाधीशको पदीय जिम्मेवारी पालना गर्न गराउन असक्षम एवं असमर्थ रहेको निर्विवाद सिद्ध छ। कोभिड जस्तो संक्रमणबाट पीडित भई अस्पताल भर्ना भएको अवधिमा समेत विदामा नबसी प्रचलित कोभिड सम्बन्धी कानुनको उल्लंघन गर्नेकार्य गरी सर्वोच्च अदालतलाई जानी जानी नेतृत्वविहिन बनाई नेपालको संविधानको धारा १२९(६) को ठाडो उल्लंघन गरेको, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२०. अन्य एवं सहकर्मी माननीय न्यायाधीशहरु प्रधान न्यायाधीशसँग इजलासमा सँगै बसी न्याय सम्पादन गर्न तयार नभएको तथ्यलाई निज स्वयंले स्वीकार गर्दै प्रधान न्यायाशीशको रुपमा निजमाथि आक्षेप लाग्दा पनि केवल हाजिर जनाएर निवास फर्कने गरेबाट प्रधान न्यायाधीश राणाको नेतृत्वमा सर्वोच्च अदालत सञ्चालन हुन असम्भव हुन गएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२१. प्रधान न्यायाधीश सहित बसी बैठक सञ्चालन गरी संबैधानिक र कानुनी कर्तव्य पालना गर्नु पर्ने न्यायपरिषद एवं न्याय सेवा आयोगको बैठक लामो अवधिदेखि बस्न नसकेको, यसका कारण न्यायाधीश एवं न्याय सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा लगायत वृत्ति विकासको अनिवार्य कार्यहरु अबरुद्ध हुन पुगेको जानकारी राख्दा राख्दै पनि विगत ३ महिना देखि सर्वोच्च अदालत लगायत सम्पूर्ण न्यायपालिका नेतृत्व बिहीन तथा जिम्मेवारी बिहीन स्थितिमा पुऱ्याएको साथै अदालतको पूर्ण बैठक समेत कानुन एवं संविधान सम्मत रुपमा बसाउन नसक्ने लज्जास्पद अवस्था खडा गरेका छन। यसका अतिरिक्त न्यायप्रशासन ऐन २०७३

बमोजिम न्याय परिषदले मात्र न्यायाधीशको सरुवा गर्न सक्नेमा उच्च विशेष अदालत समेतका न्यायाधीशलाई काज सरुवा गरी पदको दुरुपयोग गरेको अवस्था छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२२. मुलुकको कानुन प्रणालीलाई दीर्घकालिन प्रभाव छाड्ने विधिशास्त्रीय महत्वको कुनै योगदान पुऱ्याउन निज प्रधान न्यायाधीश असफल भएका छन्। जनताका निमित्त अन्धाकार र बिचौलियाका निमित्त सुरक्षित स्वर्गको रुपमा (Safe Heaven) न्यायपालिकालाई स्थापित गर्ने र सञ्चालन गर्ने असंवैधानिक एवं अमर्यादित हरकतबाट न्यायपालिकालाई मुक्ति दिलाउनु अपरिहार्य भएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२३. पूर्व न्यायाधीश, नागरिक समाज, नेपाल बार एशोसिएशन एवं सर्वोच्च अदालत बार एशोसिएशन समेतबाट प्रधान न्यायाधीशको कार्यमा गम्भीर प्रश्न खडा गरी अविश्वास प्रकट गरेको र उल्लिखित बार एशोसिएशनले प्रधान न्यायाधीशको सर्वोच्च अदालत प्रवेशमा रोक लगाउन १०० दिन भन्दा अघि देखि धर्ना, जुलुस, सभा सम्मेलन समेतका विभिन्न कार्यक्रम गर्दै आएको र सिंगो न्यायिक प्रणाली अबशाद (Depression) को स्थितिमा रही संवैधानिक प्रणाली सुसञ्चालन हुनमा बाधा उत्पन्न भईरहेको र तत्काल यो परिस्थितिबाट न्यायोचित निकास दिनका लागि महाभियोगद्वारा निजको पदमुक्ति अति आवश्यक हुन आएको छ। नेपाल राष्ट्रको सबैभन्दा सम्मानित एवं मर्यादित राख्नु र देखिनु पर्ने प्रधान न्यायाधीशको पदलाई आफ्नै गैरजिम्मेवारीपन, अधिकारको दुरुपयोग एवं अनैतिक आचरणको कारणले अत्यन्त विवादित बनाई न्यायिक गतिरोध सृजना गरेकोले प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.लाई महाभियोग प्रस्ताव पारित गरी पदमुक्त गर्नुको कुनै विकल्प छैन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२४. प्रधानन्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले साढे चार अर्बभन्दा बढी पर्ने वीरगञ्ज महानगरपालिका -२ छपकैयास्थित ३ बिघा १७ कठ्ठा क्षेत्रफलमा फैलिएको ऐतिहासिक र धार्मिक महत्वको सार्वजनिक पोखरी सम्बन्धमा जिल्ला अदालत तथा उच्च अदालतबाट भएको फैसला उल्टी गरी गराई पारिवारीक नाता पर्ने प्रमोद विक्रम शाहको नाममा हुने गरी फैसला गरी सार्वजनिक सम्पत्ति हिनामिना गरी/गराई आफन्तजनलाई लाभ पुऱ्याइ आर्थिक अनियमितता गरी पदको दुरुपयोग गरेको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२५. सार्वजनिक खरिद ऐनअनुसार एक अर्बभन्दा माथिको ठेक्का लगाउन अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्नुपर्छ, तर प्रधान न्यायाधीश चोलेन्द्र शमसेर जबराको चासोअनुसार सर्वोच्चको भवन बनाउन राष्ट्रिय बोलपत्रबाटै ५ अर्ब ८७ करोडको ठेक्का लगाइयो, भवन निर्माण विभागले गर्नुपर्ने यो परियोजना " आर्थिक चासो" कै कारण मुख्य रजिस्ट्रारलाई जिम्मा दिइएको छ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२६. प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा. समेतको संलग्नता रहेको खुल्ने ई. इच्छाराज तामाङ्गको मुद्दामा अधिवक्ता रुद्र प्रसाद पोखरेलद्वारा गरिएको घुस प्रकरणसँग सम्बन्धित सम्वादको अडियो छ, यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२७. प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले आर्थिक अनियमितता गरी कृष्ण मान सिंह पुनरावेदक वादी र हंसमान सिंहको मुद्दा सकार गर्ने प्रकाशमान सिंह समेत प्रत्यर्थी प्रतिवादी भएको हक कायम दर्ता नामसारी समेत मुद्दामा हुँदै नभएको तथ्य खुलाई बहुमतबाट गरेको ( मुद्दा नं. ०६९ -NF-०००३) को फैसला र उक्त मुद्दको सम्बन्धमा यथार्थ जानकारी सम्बन्धित मुद्दाका पक्ष विपक्षहरु र कानुन व्यवसायीहरुबाट बुझी सो फैसलामा बहस र नि.सु. समयका उक्त मुद्दाका पक्षहरु तथा चोलेन्द्र शमसेर ज.ब.रा. र निजका भाइ प्रभु शमसेर ज.व.रा.का बिच भएको फोनका कल डिटेल बुझि पाऊँ भन्ने आरोप तथा उजुरी छ, यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२८. सर्वोच्च अदालतका माननीय न्यायाधीश डा.मनोज कुमार शर्मा र उच्च अदालत जुम्लाका माननीय न्यायाधीश नवराज थपलिया बिच प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.बाट मुद्दा फैसला गराउने सम्बन्धमा पटक - पटक भए गरिएका संवाद मार्फत अनियमितता गरिएको भन्दै सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठद्वारा छानबिन भइरहेकोले ती सम्पूर्ण कल डिटेल र संवादमा संलग्न माननीय न्यायाधीशहरुलाई बुझि प्रमाणमा लगाई पाउन भन्ने आरोप तथा उजुरी छ, यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

२९. सेवाग्राही प्रेरणा राणाको मुद्दामा चोलेन्द्र शमसेर ज.ब.रा. समेतको सहयोग र सक्रियतामा तत्कालिन प्रधानन्यायाधीश राम कुमार प्रसाद शाहको कार्यकालमा मिलेमतोमा प्रेरणा राणालाई जिताउने गरी भएको फैसला (पछि सुशिला कार्की प्रधान न्यायाधीश भएको वेला पुनरावलोकनको माध्यमबाट उल्टी भएको) भएको। एकपटक पुनरावलोकन भएको मुद्दा पुनः अघि नबढ्ने कानुनी व्यवस्थाको विपरित चोलेन्द्र शमसेर ज.ब.रा. प्रधानन्यायाधीश भएको बेला रिट दर्ता गर्न लगाई उक्त मुद्दामा कानुन विपरितको कार्य गरे गराएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३०. उच्च अदालतहरुको न्यायाधीश नियुक्ति गर्दा संविधान र कानुनले निर्दिष्ट गरेको योग्यता नै नपुगेका, कानुन र न्याय क्षेत्र बाहेकका अन्य क्षेत्रमा संलग्न रहेका, कोर्ट प्राक्टिसमा नरहेका कानुन व्यवसायीलाई मोलाहिजा र आर्थिक अनियमिततामा परी न्यायाधीश नियुक्त गरेको। ती मध्ये केहि माननीय न्यायाधीशलाई न्याय परिषदबाट कारवाही गरी बर्खास्त गरिएको र केहि अनुसन्धानको दायरामा रहेको बुझिएको हुँदा न्याय परिषदबाट सो सम्बन्धमा सत्य तथ्य बुझि प्रमाणमा लगाई पाउन अनुरोध गरिन्छ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३१. सिद्धबाबाको नामले चर्चित कृष्ण बहादुर गिरीको मुद्दामा आफूले आर्थिक अनियमितता गरी माननीय न्यायाधीश अर्जुन कोईरालालाई आफूले भने बमोजिम फैसला गर्न दवाव दिएको। पछि आफुले भने बमोजिम फैसला गरेकोले पुरस्कार

स्वरुप उच्च अदालतको न्यायाधीशमा नियुक्त गरेर अनियमिता गरेको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रंगेहात पक्राउ (स्टीङ अपरेसन) परेका व्यक्तिहरुको मुद्दामा आर्थिक अनियमितता गरी आफ्नो आदेश पालना गर्ने इजलासमा कजलिष्ट तोकी फैसला गराइएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३३. नेपाल बार एशोसिएशनका निवर्तमान कोषाध्यक्ष रुद्रप्रसाद पोखेलसँग आर्थिक अनियमितता गर्ने उद्देश्यले विभिन्न मुद्दामा बारम्वार ७६ पटक सम्म फोन संवाद गरिएको भन्ने तथ्य रुद्रप्रसाद पोखरेलबाट सार्वजनिक जानकारीमा आएको हुँदा सोको कल डिटेल तथा भिडियो समेत तहाँ समितिबाटै बुझी प्रमाण गराइ पाँऊ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३४. निज प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले आफू पदमा रहँदा पदको दुरुपयोग गरी आफै विकृति विसंगतिको संरक्षक भई आफ्ना आफन्त, नातागोता, बिचौलिया, साथी भाई परिचालित गरी आर्थिक अनियमितता गरेको। विचौलियाको रुपमा घ्यू साहुको नामले चर्चित ललितपुरका व्यापारी, दीपक तिमल्सिना, अमित श्रेष्ठ समेतको संलग्नतामा भ्रष्टाचारजन्य काम गरे गराएको, निज प्रधानन्यायाधीशले अदालतमा गैर कानुनी रुपमा आर्जन गरेको कालो धन आफ्ना सम्धी तीलक रावल, सम्धी तथा नातागोता लगायतको नाममा राख्ने गरेको हुँदा सो सम्बन्धमा ताहाँ समितिबाटै निजहरुको खाता तथा सम्पति विवरण झिकाई बुझी प्रमाणमा लगाई पाउँ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३५. आईप्लेक्स महल, देवकोटा मार्ग, Irish Laung, फोन नं. ०१४४९०५४९ बानेश्वरमा निजको भाइ प्रभु शमसेर ज.ब.रा.ले भाडामा कोठा लिई मुद्दाका पक्षसँग बिचौलिया सौदाबाजी गरी बस्ने र बेला बेलामा प्रधान नयायाधीश चोलेन्द्र शमसेर ज.ब.रा. स्वयं उपस्थित भई सौदाबाजीमा संलग्न भएको। सो कुरालाई पुष्टि गर्नका लागि निज प्रधान न्यायाधीशका भाई प्रभु शमसेर ज.ब.रा.को टेलिफोनको कल तथा

म्यासेज डिटेल तथा उल्लिखित स्थान वरिपरिका सीसीटिभि फुटेज समेत हेरी प्रमाण बुझी पाऊँ भन्ने आरोप तथा उजुरी छ, यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३६. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर ज.ब.रा.ले मुद्दाका पक्षहरुसँग बिचौलिया तथा सौदाबाजी गरी काठमाडौंको ठमेलमा श्रीमती रेजी राणाको नाममा २ रोपनी जग्गा खरिद गरेको (उक्त जग्गा बिक्री भैसकेको) हुनाले के कुन आर्थिक स्रोतबाट उक्त जग्गा खरिद गरिएको हो भन्ने कुराको यथार्थ छानवीन भएमा भ्रष्टाचार र अनियमितता पुष्टि हुने भएकाले सो सम्बन्धमा आवश्यक प्रमाण बुझि पाऊँ भन्ने आरोप तथा उजुरी छ, यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३७. क्यासिनोको मुद्दामा राज्यलाई राजस्व नतिरी क्यासिनो व्यवसायलाई निरन्तरता दिन सघाउ पुऱ्याउने उद्देश्यले क्यासिनो संचालकबाट मोटो रकम लिई राज्यलाई नोक्सानी पुऱ्याएको सम्बन्धमा यथार्थ विवरण छानबीन गरी पाउँ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३८. २०७७ साल भाद्र १८ गते संवैधानिक इजलासमा सुनुवाईको लागि पेशी तोकिएको संवैधानिक परिष्द ऐन प्रथम संशोधन अध्यादेश सम्बन्धी रिट निवेदनको सुनुवाई नै रोक्ने माग लिएर सर्वोच्च अदालतलाई नै विपक्षी बनाइएको दर्ता नै नहुने रिट निवेदन भाद्र १६ गते दर्ता हुनु, भाद्र १७ गते पेशी तोकिनु, भाद्र १७ गते नै एक न्यायाधीशको इजलास रहेको ३ वटा इजलास गठन हुनु, एउटामा १६ थान, अर्कोमा ९ थान र तेश्रोमा ३ थान मात्र निवेदन तोकिनु र ३ थान निवेदन तोकिएकोमा पहिलोमा कैफियत प्रतिवेदन झिकाउने र दोश्रोमा न्यायिक काम कारवाई रोक्ने निवेदन पर्नु र सोही इजलासले आफ्नो न्यायिक सिमा र बन्देज उल्लङ्घन गर्दै सर्वोच्च अदालतबाट नै स्थापित सिद्धान्त विपरीत (दशरथ कुर्मी विरुद्ध सर्वोच्च अदालत) भाद्र १८ गतेको संवैधानिक इजलासको सुनुवाई नै रोक्ने गरी अन्तरिम आदेश जारी हुनु र भाद्र १८ को कजलिष्टबाट उक्त मुद्दा हटाइनुले न्यायिक विचलन, विकृति र विसङ्गतिको नमूना प्रस्तुत भएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

३९. प्रधानन्यायाधीशको नाताका मानिस मन्त्रिपरिषद्मा समावेश गराइनु र चर्को विरोध पश्चात मन्त्रीको राजीनामा आउनुले प्रधान्यायाधीशको आचरण र व्यवहारमा नै गम्भीर शङ्का उत्पन्न गराएको छ। राजनीतिक प्रकृतिका अनेकौ संवैधानिक विवादहरु सर्वोच्च अदालतमा विचाराधीन रहेको र यस्ता प्रकृतिका विवादहरु निरन्तर आइरहने तथा कतिपय विवादहरु प्रधानन्यायाधीश कै इजलासले निर्णय सुनाउन बाँकी राखिएको अवस्थामा प्रधानन्यायाधीश र राजनीतिक दलहरुबीच भागबण्डाको सौदावाजीको कुरा बाहिरिनुले न्यायपालिकाप्रतिको जनआस्था नै गम्भीर खतरामा पर्न गएको छ। संविधानले प्रत्याभूत गरेको शक्तिसन्तुलन र नियन्त्रणको मुलभूत सिद्धान्त नै समाप्त हुने आशङ्का बढाएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

४०. २०६९ भाद्र देखि ओरेण्टल को-अपरेटिभ लि. का तत्कालिन अध्यक्ष सुधिर बस्नेत लगायतबाट आठ हजारजति सर्वसाधारणको झण्डै पाँच अर्व निक्षेप रकम ठगी भएको, सहकारी ऐन, २०७४ अनुसार सरकारबाट ओरेण्टल को-अपरेटिभ लि. लाई समस्याग्रस्त संस्था घोषणागरी सो संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न व्यवस्थापन समितिको गठन भयो। समितिले सम्पत्ति छानबिन गरी ठगी भएको निक्षेप रकम सम्बन्धी कागजात पनि प्रमाणित गर्दै संस्थाको दायित्व भुक्तानी कार्य अघि बढाउँदै थियो। सो काई रोक्न सुधिर बस्नेतले सर्वोच्च अदालतमा दिएको रिट निवेदनमा प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा. समेतबाट, सहकारी ऐन, २०७४ को विपरित सुधिर बस्नेतको पक्षमा फैसला आदेश गरेर ठगी कार्यलाई प्रोत्साहन गरियो। विभिन्न अनलाइन तथा स्थानीय पत्र पत्रिकामा प्रवाहित समाचार अनुसार सुधिर बस्नेतले प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.का भाई प्रभु शमसेर ज.ब.रा. मार्फत ठूलो रकम चलखेल मिलाएर आफ्नो पक्षमा फैसला आदेश गराएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

४१. प्रधानन्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले भाइ प्रभु शमसेरका नाममा ठमेलमा ८ आना जग्गा गोठाटारमा करिब साढे ३ रोपनी जग्गा भेटिएको तथा परिवारका

नाममा अस्वभाविक सम्पत्ति रहेको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

४२. प्रधानन्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले स्वकीय सचिव पुष्पा तिवारीको आमा साबित्रा कुमारी शर्मा (प्राथमिक विद्यालयको अवकाश प्राप्त शिक्षिका) लाई राष्ट्रिय महिला आयोगको सदस्यमा नियुक्ति दिलाएको तथा राष्ट्रिय मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग तथा समावेशी आयोगमा आफ्ना सहकर्मी साथीलाई नियुक्ति दिलाएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

४३. तपाईलाई लागेका महाभियोग आरोपका सम्बन्धमा निर्दोष छु भन्ने केही प्रमाण पेश गर्न चाहनु हुन्छ भन्ने पेश गर्न सक्नु हुन्छ।